## अध्याय नौ

# कार्यक्रम *घटना र विचार*लाई खोतल्दा

**प्रज्ज्वलराज चापागाईं**

### पृष्ठभूमि

लामो समयसम्म रेडियो नेपालबाट एकैखाले सामग्री सुन्दै आएका नेपाली श्रोताहरूलाई प्रजातन्त्रको पुनरागमनसँगै सुरु गरिएको समसामयिक घटनामा आधारित कार्यक्रम *घटना र विचार*ले आकर्षण गऱ्यो । घटनाक्रमको विश्लेषणयुक्त संयोजन भएका सामग्री र तिनको प्रस्तुतिमा रहेको खुलापनले बहुसङ्ख्यक नेपालीलाई यो कार्यक्रम सुन्ने बानी पऱ्यो । कार्यक्रमको संयोजन, धुन, शैली, प्रस्तुति, घटना र प्रसङ्गहरूको गहिराइ जस्ता विशेषताका कारण बहुसङ्ख्यक श्रोताबीच प्रिय पनि बन्यो, यो कार्यक्रम ।

यस कार्यक्रमले सामग्री सम्प्रेषण गर्दा प्रस्तुत गरेको बहुलवादी खुलापनको एउटा यस्तो प्रसङ्ग पनि भेटिन्छ– २०४७ सालताका नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइराला प्युठान जिल्लामा आयोजित आमसभामा जाँदा उनीमाथि ढुङ्गामुढा भयो र आमसभा गर्न दिइएन । सोबारे यस कार्यक्रममा

महामन्त्री कोइरालाको अन्तर्वार्ता बजाइयो । अन्तर्वार्तामा महामन्त्री कोइरालाले तत्कालीन गृह तथा सञ्चारमन्त्री योगप्रसाद उपाध्यायले आफ्नै पार्टीका महामन्त्रीको सुरक्षा दिन नसकेकाले पदीय दायित्त्व पूरा नभएको भन्दै राजिनामा दिनुपर्ने माग गरिएको थियो । पार्टी महामन्त्रीको सुरक्षा दिन नसक्ने भनेर अन्तरिम सरकारमा सोही पार्टीको प्रतिनिधित्व गर्ने गृह तथा सञ्चारमन्त्री योगप्रसाद उपाध्यायको राजिनामा माग गरिएको सामग्रीलाई यस कार्यक्रमले महत्त्वसाथ प्रसारण गर्‍यो । सञ्चार मन्त्रालयको मातहतमा रहेको रेडियो नेपालबाट सञ्चालन हुने कार्यक्रममा सञ्चारमन्त्रीको विरुद्धमा सामग्री प्रस्तुत गरेको यो पहिलो अवसर हुनसक्छ । यसो गर्नाले कार्यक्रमको लोकप्रियता झनै बढ्यो ।

यो कार्यक्रममा उपत्यकाबाहिरका विभिन्न जिल्लाहरूबाट पठाइने सामग्री, त्यहाँका धेरै मानिसहरूको अन्तर्वार्ता र सञ्चालक टोलीले समाचार वा दृष्टिकोण सम्प्रेषणमा गरेको आँटले एकातिर श्रोता सहभागिता बढ्यो भने अर्कोतिर कार्यक्रमको साखलाई अझ सुदृढ बनायो ।

त्यसो त कार्यक्रम लोकप्रिय हुनुका पछाडि यसमा संलग्न टोलीले सामग्री उत्पादन गर्न सुरुका वर्षहरूमा गरेको मेहनत पनि उल्लेखनीय रहेको छ । श्रोताबाट यसलाई प्राप्त हजारौँ पत्रहरू र सयौँ टेलिफोन कलहरूलाई पनि लोकप्रियता नाप्ने आधार बनाउन सकिन्छ । यो कार्यक्रमले जति प्रतिक्रिया, टिप्पणी पत्र वा टेलिफोन कल रेडियो नेपालका अन्य कार्यक्रमले विरलै पाएका होलान् । त्यसमाथि २०५४ सालमा प्रकाशित एक अध्ययनले पनि यसको लोकप्रियता पुष्टि गरेको छ (मङ र घिमिरे सन् १९९७) । यसको लोकप्रियताको अर्को उदाहरण पनि भेटिन्छ । असोज २०५८ देखि यो कार्यक्रम अलोकप्रिय भयो भनेर रेडियो नेपालका पत्रकारहरूले नाम, धुन र शैली फेरेर *घटना र विचार*को सट्टा *आजको सन्दर्भ* नामको कार्यक्रम चलाए । तर ६ महिना चलेपछि प्रभावकारी हुन नसकेको थाहा पाएर जेठ २०५९ देखि पुनः *घटना र विचार*को नाममै यो कार्यक्रम सञ्चालन गर्न थालियो । त्यति मात्र होइन यसको लोकप्रियताको आधारमा *घटना र विचार* नामको साप्ताहिक पत्रिका समेत दर्ता गरियो, प्रकाशन गरियो । र, यो अहिले पनि प्रकाशित भइरहेको छ । एउटा पत्रिकाले यही नाम छनोट गर्नुका पछाडि यसको लोकप्रियतालाई आधार बनाएको स्पष्टै देखिन्छ ।

विभिन्नखाले विवाद र प्रतिक्रियाबीच *घटना र विचार* कार्यक्रम झण्डै १४ वर्षदेखि निरन्तर प्रसारण हुँदै आएको छ । सरकार फेरिएपिच्छे कार्यक्रम सञ्चालन गर्ने टोली फेरिनु, प्रसारण गर्दै आएको विषयवस्तु, यो कार्यक्रमको लागि गरिएको खर्च, सत्ता र प्रतिपक्षबीच भएका विवाद, अन्तरपार्टी राजनीतिक

हस्तक्षेप, यसको लोकप्रियता र यसले सृजना गरेका विवाद जस्ता कारणले यस विषयमा अध्ययन गर्न आवश्यक भएको हो ।

प्रस्तुत लेखमा *घटना र विचार* कार्यक्रम किन, कसरी र कस्ले आरम्भ गऱ्यो ? किन लोकप्रिय भयो ? यसको उत्पादन कसरी हुन्छ ? यसको लागि रेडियो नेपालले कति रकम खर्च गर्नुपर्छ ? यसको स्वरूप, विषयवस्तु र प्रस्तुति कस्तो छ ? कार्यक्रम सञ्चालन गर्ने टोलीमा को को आए र गए ? प्रजातान्त्रिक अभ्यासको कखरा सिक्न थालेको समाजमा यसले पर्याप्त सूचना, समाचार, टिप्पणी, विश्लेषण, र चर्चा मात्रै प्रवाह गऱ्यो कि राजनीतिक पार्टीहरूको दूरीलाई अझै बढाउने काम गऱ्यो ? कार्यक्रम प्रसारणमा व्यावसायिक तथा निष्पक्ष पत्रकारिताको मर्यादा कत्तिको राखिएको थियो ? भन्नेजस्ता प्रश्नहरू अगाडि सारेर तिनको जवाफ खोज्ने जमर्को यस लेखमा गरिएको छ । मुख्यतः लेख दुई खण्डमा विभक्त छ । सुरुको खण्डमा *घटना र विचार*का विभिन्न पक्षबारे चर्चा छ भने दोस्रो खण्डमा राजनीतिसँग यसको सम्बन्ध केलाइएको छ । अन्तमा यस अध्ययनको निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

## घटना र विचारको नालीबेली

### *थालनी*

ब्रिटिश ब्रोडकास्टिङ कर्पोरेसन (बीबीसी) ले नेपाली भाषामा प्रसारण गर्ने समाचार र समसामयिक घटनामा आधारित नेपाली कार्यक्रम *चौतारी* [१] जस्तै कार्यक्रम सञ्चालन गर्न तत्कालीन सञ्चार मन्त्रीका सल्लाहकार मनमोहन भट्टराई र रेडियो नेपालका निर्देशक जैनेन्द्र जीवन शर्माबीच सर सल्लाह भयो । त्यसपछि निर्देशक जैनेन्द्र जीवन शर्माले रेडियो म्यागजीनको लागि चाँजो-पाँजो मिलाएका थिए । यसका लागि पत्रकार पुरुषोत्तम दाहाललाई जिम्मेवारी दिने निर्णय सञ्चार सल्लाहकार भट्टराई र निर्देशक शर्माले लिएपछि हप्तामा एकपटक प्रसारण हुनेगरी पत्रकार पुरुषोत्तम दाहालको संयोजनमा *यो हप्ता* नामक कार्यक्रमको प्रसारण भदौ २०४७ देखि भयो । *यो हप्ता* दुई पटक प्रसारण हुन नपाउँदै सर्वसाधारण, बुद्धिजीवी एवं राजनीतिकर्मीहरूले कार्यक्रम प्रसारण हुने दिन बढाउन पत्र र फोनमार्फत व्यक्तिगत वा संस्थागत रूपमा जताततैबाट माग

[१] बीबीसी नेपाली सेवाले नेपाली समाचारसँगै हरेक दिन *चौतारी* नामक समसामयिक घटनामा आधारित कार्यक्रम प्रसारण गर्दै आएको छ । यो कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दैनिक जीवनमा घटित विभिन्न विषयसम्बन्धी समाचार, टिप्पणी, विश्लेषण, अन्तर्वार्ता, चर्चा, प्रतिवेदन लगायतका सामग्रीहरू प्रसारण गरिँदै आएको छ ।

गरे । श्रोताको मागअनुसार यसको नाम फेर्नुपर्ने र प्रसारण हुने दिन तथा समय समेत बढाउनुपर्ने भयो ।

श्रोताको मागले उक्त रेडियो म्यागजीनको नाम त फेरियो नै, यसका सञ्चालक दाहाल नै संयोजक रहने गरी सोही वर्ष असोजको पहिलो हप्तादेखि रेडियो नेपालबाट *घटना र विचार* प्रसारण हुनथाल्यो । सुरुमा प्रत्येक हप्ता आइतबार, मङ्गलबार र बिहीबार रेडियो नेपालको मुख्य समाचारपछि बेलुकी साढे सात बजे प्रसारण हुन्थ्यो– *घटना र विचार* । पछि शनिबारबाहेक हप्तामा छ दिन प्रसारण हुनथाल्यो ।

## *कार्यक्रमको स्वरुप विषयवस्तु र प्रस्तुति*

यस कार्यक्रमको थालनीमा अंग्रेजी धुन केही सेकेण्ड बजाएपछि सञ्चालकद्वारा कार्यक्रममा प्रस्तुत गरिने विषयवस्तु र प्रसङ्गहरूको सङ्क्षिप्त जानकारी दिइन्छ । पुनः थालनीमा बजाएको अंग्रेजी धुन मिसाएपछि कार्यक्रम विषयवस्तुतिर प्रवेश गर्छ । यसमा दुईखालको धुन प्रयोग गरिएको छ । सुरु र अन्तमा बजाइने धुन र बीचबीचमा प्रसङ्ग फेरिँदा बजाइने अर्को सेतू धुन ।[२]

कार्यक्रमका लागि साँझ साढे पाँचदेखि पौने छ बजेसम्ममा यसका सञ्चालक, सहयोगी र प्राविधिक कार्यक्रम उत्पादन गर्न रेडियो नेपालको स्टुडियोमा प्रवेश गर्छन् । झण्डै पैतालीस मिनेटदेखि डेढ घण्टासम्ममा कार्यक्रम उत्पादन गर्ने काम सकिन्छ । विज्ञापन छ भने २३ देखि २७ मिनेटको कार्यक्रम र १ मिनेटको विज्ञापन तीन पटक फरक-फरक समयमा प्रसारण गरिन्छ । अन्तमा कार्यक्रम उत्पादन गर्न रेडियोको स्टुडियोमा उपस्थित प्राविधिक र सहयोगीहरूको नामोच्चारण गरेर कार्यक्रमबाट बिदा माग्दै पुनः *घटना र विचार* थालनीमा बजाइएको अंग्रेजी धुनलाई मिश्रण गरेर बजाएपछि कार्यक्रम समाप्त हुन्छ । यसरी कार्यक्रम तयार हुन्छ र त्यसलाई साढे सात बजे राति प्रसारण गरिन्छ ।

यो कार्यक्रम उत्पादन गर्दा उपत्यका बाहिरका घटना र प्रसङ्गहरू राष्ट्रिय, क्षेत्रीय वा जिल्ला स्तरीय महत्त्वका छन् भने टेलिफोनबाट भ्वाईस कास्ट गर्न वा फ्याक्समार्फत पठाउन त्यहाँस्थित रेडियो नेपालका रिपोर्टरहरूलाई आग्रह गरिन्छ । उनीहरूले पठाएका रिपोर्टहरूलाई रेडियो नेपालको रिपोर्टिङ शाखाको स्टुडियोको

---

[२] रेडियो नेपालका प्राविधिक सुदिप ठाकुरका अनुसार ती धुनहरू 'बि गिज' समूहले सन् १९७४ ताका सार्वजनिक गरेको 'स्याटरडे नाईट फिवर' नामक अंग्रेजी सङ्गीतको धुनमात्रै भएको एलबमबाट निकालिएको हो । यो सङ्गीतको कार्ट्रीज रेडियो नेपालको टेप लाइब्रेरीमा फेला पारिएको थियो ।

स्पुलमा रेकर्ड गरेर राखिन्छ । पछि त्यसलाई कार्यक्रममा समावेश गरिन्छ । त्यसैगरी राजधानीमा घटेका घटना, प्रसङ्ग, विवाद वा नवीन कुराको विषयमा कार्यक्रमका सञ्चालक र सहयोगीबीच छलफल गरेर विषयवस्तुहरू तय गरिन्छ । तिनलाई सङ्क्षिप्त समाचार, टिप्पणी, विश्लेषण, समसामयिक चर्चा र रिपोर्टको रूपमा प्रस्तुत गरिन्छ ।

सामग्री तयार पार्दा प्रायः पत्रपत्रिकामा प्रकाशित विषयवस्तुलाई पनि आधार बनाएको पाइन्छ । कार्यक्रमले मुलुकमा घटित विभिन्न घटना प्रसङ्गहरूलाई समेटे पनि यसमा अत्यधिक समय राजनीतिक विषयवस्तुलाई दिइन्छ । २०५५ सालतिर यसको सहयोगी रहिसकेका सुधांशु दाहाल भन्छन्, "*घटना र विचार* कार्यक्रमले प्रस्तुत गर्ने र समेट्ने गरेका विषयवस्तुहरू ९५ प्रतिशत राजनीतिक विषयहरू नै हुन्थे । राजनीतिक पार्टीका प्रमुख नेता, प्रधानमन्त्री, सरकारको प्रभावशाली मन्त्रीहरूका भाषण, भनाइ र विचारलाई कार्यक्रममा धेरै समय दिइन्थ्यो ।" कार्यक्रममा दैनिक घटना, सरकारको निरन्तरताको पक्ष, सामयिक चर्चा, अन्तर्राष्ट्रिय समाचार-टिप्पणी, विकास निर्माण, वातावरण, स्वास्थ्य, शिक्षा, मानवीय अभिरुचि र जनसरोकारका विविध विषयवस्तुहरूलाई समेटिएको पाइन्छ । यद्यपि राजनीतिक विषयवस्तुहरू धेरै भएको बेला अन्य विषयवस्तुसम्बन्धी सामग्रीलाई कमै समय दिइन्छ । कार्यक्रममा समाविष्ट गरिने अन्तर्राष्ट्रिय समाचारका आधारहरू भने अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूले उपलब्ध गराउने बुलेटिन नै हुन् । अंग्रेजी भाषामा उपलब्ध हुने अन्तर्राष्ट्रिय घटना र प्रसङ्गसम्बन्धी सामग्रीहरूलाई नेपालीमा अनुवाद गर्ने गरिन्छ । कहिलेकाहीँ नेपाली छापामा प्रकाशित विवरणहरू पनि जस्ताको त्यस्तै पत्रिकाको नाम उल्लेख गरेर प्रसारण गरिन्छ ।

रेडियो नेपालले प्रसारण गर्ने सबै कार्यक्रमहरूमध्ये *घटना र विचार*मा जति छिटो बोलिने कार्यक्रम अरू छैन भन्दा हुन्छ । यसमा पढ्नेले प्रत्येक शब्दको अन्तिम अक्षरको अन्तमा जोड दिँदै छिट्छिट्टो आफ्नो सामग्री पढ्छन् । कार्यक्रमको सुरुआती कालदेखि नै धेरै सामग्री समेट्नका लागि यसरी छिटो पढ्ने शैली चलनमा ल्याइएको र यसलाई पछिका समूहले अनुसरण गरी नै रहेका छन् । यद्यपि यसै गर्नुपर्ने बाध्यता वा अनिवार्यता भने *घटना र विचार* कार्यक्रममा छैन । रेडियो नेपालको समय र विज्ञापनको स्थितिअनुसार २३ देखि २७ मिनेट सम्म प्रसारण हुने यो कार्यक्रममा दैनिक औसत १२/१३ ओटा सामग्रीहरू प्रसारण हुन्छन् । प्रत्येक सामग्री प्रायः १ देखि ३ मिनेट सम्मका हुन्छन् । तर विशेष परिस्थितिमा (चर्चित राष्ट्रिय व्यक्तित्त्वको निधन, विशेष घटना, छलफल,

स्मृति दिवसलगायत अन्य) भने एउटै मात्र सामग्रीले *घटना र विचार* कार्यक्रमको अधिकांश समय पाउँछ ।

### *पत्रकार*

रेडियो नेपालमा कार्यरत पत्रकारहरूबाहेक बाहिरबाट आएको *घटना र विचार* कार्यक्रम सञ्चालन गर्ने टोलीको छनोट भने राजनीतिक आस्था र पार्टीगत आधारमा नै हुने गर्थ्यो । राजनीतिक संलग्नताबाहेक पत्रकारिताको अनुभव-अध्ययन, पार्टीभित्रको पहुँच, नेता एवं सञ्चालकहरूसँगको चिनजानले पनि टोली छनोट गर्दा भूमिका खेल्थ्यो । एक हिसाबले *घटना र विचार*को सञ्चालक वा सहयोगीको नियुक्ति राजनीतिक नियुक्ति जस्तै थियो । *घटना र विचार*मा संलग्न हुनुअघि यो सञ्चालन गर्न पुगेका सञ्चालक र सहयोगीहरूमध्ये अधिकांशलाई रेडियो पत्रकारिता वा रेडियोसम्बन्धी ज्ञान थिएन । यसबाहेक कार्यक्रमको सहयोगी वा सञ्चालक हुन भाषिक ज्ञान, शुद्ध उच्चारण र स्वरमा प्रष्टता हुनु अनिवार्य देखिएन । सञ्चालक पुरुषोत्तम दाहालको दोस्रो टोलीमा शत्रुघन गुप्ता सहयोगीको रूपमा कार्यरत थिए । तर उनको नेपाली शब्दहरूको उच्चारणका सन्दर्भमा भने राष्ट्रिय सञ्चारमाध्यममा काम गर्ने पत्रकारको बोली र उच्चारण शुद्ध हुनुपर्ने कोणबाट त्यतिबेला नकारात्मक चर्चा हुने गर्थ्यो । तर अचेल मातृभाषा नेपाली नहुने व्यक्तिहरूले बोल्ने गरेको नेपाली लवजलाई पनि रेडियोमा स्थान दिनु पर्छ भन्ने आवाज उठ्ने गरेको छ (हेर्नुहोस् अध्याय २१) ।

*घटना र विचार* सञ्चालन गर्ने टोलीहरूको विवरण हेर्दा सरकार परिवर्तन भएलगत्तै *घटना र विचार* कार्यक्रम सञ्चालक र यसको टोलीसमेत परिवर्तन भएको देखिन्छ (हेर्नुहोस् अनुसूची १) । यसले कार्यक्रम सञ्चालन गर्ने टोलीको नियुक्ति राजनीतिक रूपमा नै हुने गरेको प्रष्ट देखाएको छ । त्यसैले यसरी चयन गरिएका पत्रकारहरूले कार्यक्रम उत्पादन गर्दा पूर्वाग्रहपूर्ण सामग्री सम्प्रेषण गरेको कुरा कसैले पनि अस्वीकार गर्दैन ।

### *आर्थिक पक्ष*

त्यसो त रेडियो नेपालले प्रसारण गर्ने अन्य कार्यक्रमहरूको तुलनामा *घटना र विचार*को खर्च महँगो नै देखिन्छ । रेडियो नेपालले *घटना र विचार* सञ्चालन गर्न मासिक एकमुस्ट रकम (रु. १८ हजारदेखि ३६ हजारसम्म) बाहेक पत्रपत्रिका, स्टेसनरी, क्यासेट रेकर्डर, गाडी सुविधा र स्थलगत रिपोर्टिङ्गका लागि दैनिक भ्रमण भत्तासमेत उपलब्ध गराउँदै आएको पाइन्छ ।

अगाडि नै भनियो, सुरुमा यो तीन दिन मात्रै प्रसारण हुन्थ्यो । त्यतिबेला यसको उत्पादनका लागि रु. १८ हजार दिइन्थ्यो । *घटना र विचार* कार्यक्रमको थालनीसँगै यसले प्राप्त गरेको उत्पादन खर्चमा भने विवाद भयो । त्यतिखेर रेडियो नेपालमा कार्यरत कर्मचारीहरूको तलबको तुलनामा यसको आर्थिक व्ययभार बढी भएको टिप्पणी समेत पत्रपत्रिकामा प्रकाशित भएको थियो । रेडियो नेपाल कर्मचारी संघको तत्कालीन अध्यक्ष शान्ता श्रेष्ठ (२०५०) ले *मधुमास* मासिकमा 'रेडियो नेपालमा यस्तो पनि हुन्छ' शीर्षकमा लेखेकी छन्:

> २५औं वर्ष पहिले एम.कम. पढी, बीसौं वर्ष पहिले बीबीसीबाट उच्च तालिम प्राप्त गरी, ३५ वर्ष सेवामा संलग्न म महिनाको २५ सय रुपियाँ तलब खान्थैं । ...*घटना र विचार* जस्तो फिस्तो कार्यक्रमलाई मासिक १६ हजार रुपियाँ । त्यो पनि हामीले आवाज उठाएपछि मात्र रु. १६ हजारमा झारेका थिए । ...अरू कार्यक्रम ३० मिनेटको २ हजार रुपियाँ, *घटना र विचार*को १६ हजार रुपियाँ । त्यो पनि पत्रपत्रिकाको कटिङ्हरूलाई ९९ प्रतिशत स्थान दिइन्छ" (श्रेष्ठ २०५२: ६/३५) ।

यसरी *घटना र विचार* थालनी गर्दा यसको टोलीलाई रेडियो नेपालले मासिक रूपमा व्यहोरेको खर्चमाथि टिप्पणी गरिएको थियो । यद्यपि यो कार्यक्रम हप्तामा ६ दिन प्रसारण हुनथालेपछि यसमा संलग्न टोलीलाई मासिक २० देखि ३६ हजार रूपैंयाँसम्म रेडियो नेपालले दिन थाल्यो । *घटना र विचार*को सञ्चालक देवप्रकाश त्रिपाठी भएपछि यसको उत्पादन शुल्क ३६ हजार रुपियाँ पुग्यो । पछि आएका कुनै टोलीले त्यति नै रकम उत्पादन खर्चको रूपमा लिए भने कसैले २० देखि ३० हजार रुपियाँसम्म लिएको देखिन्छ । यसबाहेक रेडियो नेपालका संवाददाताहरूले *घटना र विचार*को लागि काठमाडौं बाहिरबाट रिपोर्ट पठाएबापत टेलिफोन र फ्याक्स खर्च बाहेक १ सय ५० देखि ३ सय रुपियाँसम्म पारिश्रमिक पाउँथे ।

रेडियो नेपालमै कार्यरत पत्रकारहरूको टोलीले असोज २०५८ देखि जेठ २०५९ सम्म *आजको सन्दर्भ*को नाममा र त्यसपछि पुनः *घटना र विचार*कै नाममा कार्यक्रम सञ्चालन गरिरहेका छन् । यसमा संलग्न आफ्नै संस्थामा कार्यरत कर्मचारीहरूलाई भने तलबबाहेक रेडियो नेपालले प्रतिव्यक्तिलाई दिनको १ सय ५० रुपियाँ भत्ता दिने गरेको सञ्चालक खगेन्द्र खत्री बताउँछन् । रेडियो पत्रकारहरूले समाचार सङ्कलन गर्नुका साथै समसामयिक कार्यक्रम *घटना र विचार* पनि उत्पादन गर्नुपर्ने भएकाले छुट्टै रकम सुविधास्वरूप दिइएको हो । यो कार्यक्रमको उत्पादनमा प्राविधिकसमेत दिनमा पाँच जना संलग्न हुने गरेका छन् । कहिलेकाहीँ यसमा संलग्न हुने अन्य थप सहयोगी समेतको हिसाब गर्दा अहिले महिनामा औसत २० हजार रुपियाँ खर्च लाग्ने गरेको छ ।

### *सर्वेक्षण: लोकप्रियताको मापन*

यो कार्यक्रमको लोकप्रियता चाहिँ कत्तिको छ त ? यसलाई खोतलौँ । रेडियो नेपालको श्रोता सर्वेक्षण शाखाले चैत २०५२ देखि कात्तिक २०५३ सम्म राष्ट्रिय सर्वेक्षण गरेको थियो (मङ र घिमिरे सन् १९९७) । यो सर्वेक्षणको विस्तृत प्रतिवेदन भदौ २०५४ मा प्रकाशित भएको थियो । अनुसन्धानले रेडियो नेपालबाट बज्ने समसामयिक घटनामा आधारित *घटना र विचार*को श्रोता प्रतिशत पनि प्रकाशमा ल्याएको छ । यस सर्वेक्षणको प्रतिवेदनअनुसार रेडियो नेपालका सबै कार्यक्रममध्ये ८४ प्रतिशत श्रोताहरूले *घटना र विचार* सुन्न रुचाएको पाइन्छ । यो अध्ययनमा भनिएको छ, ''सबैखालको समुदायमा समसामयिक विषयवस्तुहरूमा आधारित *घटना र विचार* सबैभन्दा बढी लोकप्रिय कार्यक्रम भएको देखियो ।'' अध्ययनले रेडियो नेपालको *घटना र विचार, सांसद मन्त्री फोनईन* र *अखबार* कार्यक्रमलाई 'करेण्ट अफेयर्स'भित्र राखेको र यी तीनै कार्यक्रमहरूमध्ये तुलना गर्दा *घटना र विचार*लाई ८१ प्रतिशतले मन पराएको बताएको छ । यद्यपि यो अध्ययनमा *घटना र विचार*ले कत्तिको निष्पक्ष जानकारी दिन्छ ? यसले आग्रह वा पूर्वाग्रह राखेको छ कि छैन ? यसबारे श्रोताहरूको बुझाइ वा प्रतिक्रिया के छ ? यो कार्यक्रम कुन बेलामा कतिको लोकप्रिय, अलोकप्रिय वा सन्तुलित के थियो ? यसले व्यवसायिक मर्यादा राखेको छ कि छैन ? जस्ता प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरेको भने देखिँदैन ।

त्यस खालको अध्ययन गरिएको भए तथ्यपरक विश्लेषण गर्न सजिलो हुन्थ्यो । यद्यपि विश्लेषण गर्ने अर्को आधार श्रोताको प्रतिक्रिया, फोन, पत्रपत्रिकामा प्रकाशित प्रतिक्रिया वा टिप्पणीलाई पनि बनाउन सकिन्छ । त्यसमाथि यस खालको अध्ययन नियमित रूपमा भइरहे नेपाल जस्तो अविकसित मुलुकमा राष्ट्रियरूपमा प्रसारण हुने रेडियो म्यागजिनको स्तर निर्धारण गर्न अझ सहज हुन्थ्यो । यस्ता सर्वेक्षणहरूले कार्यक्रम प्रस्तोता र श्रोतासामु त्यसको वास्तविक स्थिति छर्लङ्ग देखाउन सक्थे । फलतः त्यसले रेडियो म्यागजिनलाई विश्वसनीय, सन्तुलित, निष्पक्ष र यथार्थपरक बनाउन योगदान पुऱ्याउन सक्थ्यो कि ? प्रश्न उठाइनु सान्दर्भिक हुन्छ ।

## कार्यक्रम र राजनीति

### *राजनितिक हस्तक्षेप*

*घटना र विचार* कार्यक्रमका लागि आवश्यक पत्रकारहरूको छनोट राजनीतिक हिसाबले हुन्थ्यो भन्ने प्रसङ्ग अगाडि आइसकेको छ । यसको असर सिङ्गो कार्यक्रममै

परेको पाइन्छ । यसका लागि पछिल्लो चरणका सञ्चालक राजेन्द्र पराजुलीको भनाइलाई उदाहरणको रूपमा चर्चा गर्न उपयुक्त हुन्छ । सञ्चालकको रूपमा उनको नियुक्ति गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि भएको थियो भने कार्यक्रमबाट बहिर्गमन शेरबहादुर देउवा प्रधानमन्त्री बनेकै दिन भएको थियो । सञ्चालक पराजुली आफूले काम गरेका तीन वर्षमा भोगेको अनुभव यसरी व्यक्त गर्छन्,

> शैलजा आचार्य नेपाली काँग्रेसको उपसभापति हुनुहुन्थ्यो । उहाँले पार्टी नेतृत्त्वको विरोधमा काठमाडौँको सुन्दरीजलबाट देशव्यापी पदयात्रा थाल्नुभयो । यो पदयात्राबारे जनतालाई जानकारी दिन शैलजा आचार्यले पदयात्रा थाल्दा बोलेका कुरा र पदयात्राका विषयमा समाचार तयार पारियो । तर नेपाली काँग्रेसको पार्टी कार्यालयबाट त्यो समाचार र नेतृ आचार्यको आवाज प्रसारण नगर्न आदेश आयो । हामी विलखबन्दमा पर्‍यौँ र त्यो सामग्री प्रसारण गरिएन । यसरी, कुनै नेतालाई मन नपरेकै कारणले मात्र पनि हामी जनताको सूचनाको हक सुनिश्चित गर्न सक्दैनथ्यौँ ।[३]

त्यसो त, *घटना र विचार*का धेरैजसो सामग्रीहरू सत्तारुढ दल र सरकारको गतिविधि तथा नीतिको प्रचार प्रसार गर्नमा बढी केन्द्रित हुन्थे । सरकारी नीतिको सन्दर्भमा जनतालाई बढी सुसूचित गराएको स्वीकार्दै यो कार्यक्रमका पहिलो सञ्चालक पुरुषोत्तम दाहाल भन्छन्, "सरकारी सञ्चारमाध्यममा सरकारी नीतिले प्राथमिकता पाउने नै भयो ।" झण्डै चार वर्षसम्म निरन्तर यो कार्यक्रम चलाएका पत्रकार दाहालको टोलीले पनि नेपाली काँग्रेसभित्रको आन्तरिक द्वन्द्व र विवादका कारण पटकपटक भनाभैरी र चुनौतीको सामना गर्नुपर्‍यो । तथापि यसले काँग्रेसभित्रको द्वन्द्व नभ्याङ्गिगउञ्जेलसम्म सत्तारुढ दलको पक्षमा एकोहोरो सूचना प्रवाह गरेको थियो ।

पछि सत्तारुढ नेपाली काँग्रेसको अन्तरकलहको विम्ब यस कार्यक्रममा समेत देखिन थाल्यो । यसलाई काँग्रेस भित्रको प्रतिपक्षी आवाजलाई बढी स्थान दिएको आरोप लाग्न थाल्यो । खासगरेर टनकपुर सन्धि, नेपाली काँग्रेसका सर्वोच्च नेता गणेशमान सिंहको पार्टी परित्याग, उनले पार्टी परित्याग गर्नुपर्ने कारण खुलाउँदै पार्टी समक्ष पेश गरेको 'लेटर बम'[४]को विषयवस्तुहरू, काठमाडौँ क्षेत्र नं. १ बाट उम्मेदवारी दिएका नेता कृष्णप्रसाद भट्टराईलाई हराउन तत्कालीन प्रधानमन्त्री

---

[३] राजेन्द्र पराजुलीसँगको व्यक्तिगत कुराकानी ।

[४] स्वर्गीय सर्वोच्च नेता गणेशमान सिंहले सत्तारुढ नेपाली काँग्रेसको बहुमतको नेतृत्त्व गर्ने गिरिजाप्रसाद कोइरालालाई पत्र लेखेर पार्टीले अङ्गिकार गरेको नीतिप्रति विमति जनाउँदै राष्ट्रिय सहमतिको बाटाहरू खोज्नु पर्ने कुराहरू बताएका थिए । त्यो पत्रलाई नेपाली छापाहरूले त्यतिबेला 'लेटर बम'को संज्ञा दिएका थिए ।

गिरिजाप्रसाद कोइरालाद्वारा गरिएको अन्तरघात लगायतका विषयवस्तुहरूमा *घटना र विचार*ले काँग्रेसको संस्थापन पक्षको विरुद्धमा टिप्पणी र विश्लेषणहरू प्रवाह गरेको थियो । *घटना र विचार* कार्यक्रम सञ्चालन गर्ने क्रममा उत्पन्न असहमतिका स्वरहरूका विषयमा पत्रकार कृष्ण कंडेलले *तरुण* साप्ताहिकमा 'प्रजातान्त्रिक सरकारः सञ्चारमाध्यम र वर्तमानका विसङ्गतिहरू' शीर्षकको लेख लेखेका थिए । सो लेखमा भनिएको छ,

> तत्कालीन सरकारको आलोचनात्मक टिप्पणी गर्दै जब श्रद्धेय गणेशमान सिंहले लेटर बम फ्याँक्नुभयो, हामीले उक्त कार्यक्रममार्फत नेपाली जनतालाई सुनायौँ । सत्तासिन काँग्रेसजनहरूलाई नेपाली राजनीतिका शीर्षपुरुषका विचारहरू सुपाच्य हुन सकेनन् । हामीमाथि रेडियो प्रशासनको वक्रदृष्टि पर्न थाल्यो । सञ्चालक पुरुषोत्तम दाहाल र रेडियोका हाकिमबीच पटक पटक वाकयुद्ध चलेको थियो । रेडियो नेपालका हाकिमले तत्कालीन महामन्त्री सुशील कोइरालाको हवाला दिँदै कार्यक्रममाथि सेन्सरसिप लगाउने प्रयास गरिरहेका थिए, तर हाम्रो अडानप्रति उनको केही उपाय चलेन (कंडेल २०५५) ।

यसखालको विवाद भ्याङ्गिरहेकै बेलामा सञ्चालक दाहालका भनाइमा तत्कालीन प्रधानमन्त्री कोइरालाका सञ्चार सल्लाहकार जयप्रकाश आनन्दले *घटना र विचार*ले विपक्षीलाई बढी स्थान दिएको आरोप लगाए ।

यसले बुझिन्छ– सत्तारुढ नेपाली काँग्रेसभित्र सर्वसत्तावादी सोच क्रमशः हावी हुनथाल्यो । त्यही सोचलाई व्यवहारमा मुखरित गर्न *परिक्रमा* नामक अर्को रेडियो म्यागजिन प्रसारण गर्न थालियो । यो कार्यक्रम काँग्रेसभित्रको अन्तरकलह भ्याङ्गिन थालेपछि रेडियो नेपालबाट प्रभातकालीन कार्यक्रमको रूपमा बिहान ७:२० बजे प्रसारण गर्न थालिएको थियो । पत्रकार दाहालका अनुसार पत्रकार भरत भुर्तेलद्वारा सञ्चालित *परिक्रमा कार्यक्रम* त्यसताका *घटना र विचार* प्रसारण भइसकेपछि मात्रै रेकर्ड गर्ने गरिन्थ्यो । किनभने यसले *घटना र विचार*मा प्रसारित सूचना विश्लेषणलाई या खण्डन गर्थ्यो या त तोडमरोड गर्ने गर्थ्यो । तर त्यतिबेला *परिक्रमा कार्यक्रम* सञ्चालन गर्ने भरत भुर्तेल भन्छन्, "नेपाली काँग्रेसभित्र गम्भीर द्वन्द्व चलेको थियो । त्यो द्वन्द्व कार्यक्रममा पनि प्रतिविम्बित भयो होला ।"

पत्रकार कंडेल *घटना र विचार*बाट उनीहरूको बहिर्गमनको कारणबारे लेख्छन्, "जब पछिल्लो पटक राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीको घरमा आदरणीय कृष्णप्रसाद भट्टराई लगायतका नेताहरूको बैठक बस्यो र त्यसको विवरण हामीले *घटना र विचार*मार्फत दुई करोड नेपालीलाई सुनायौँ । त्यही नै हाम्रो अपराध हुन गएछ (कंडेल २०५५) ।" जे होस्, यो टोलीले सत्तारुढ पार्टीभित्र द्वन्द्व बढ्दै जाँदा अल्पमतको पक्षमा सामग्रीहरू प्रसारण गरेको थियो ।

यसैबीच श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथि संसदमा गरिने समर्थनमा सत्तारुढ दल नेपाली काँग्रेसले बहुमत पुऱ्याउन नसकेपछि संसद विघटन हुनपुग्यो । संसद विघटनसँगै कोइराला गुटको सर्वसत्तावादी सोचाइका कारण पत्रकार दाहालको टोलीलाई निष्काशन गरियो । यही टोलीलाई निरन्तरता दिँदा मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसले बहुमत ल्याउन नसक्ने ठहर थियो उनीहरूको । यसरी भदौ २०४७ देखि थालिएको रेडियो कार्यक्रम *घटना र विचार* सञ्चालन गर्ने पत्रकारहरूको टोली सत्तारुढ नेपाली काँग्रेसको अन्तरकलहको शिकार भएर बाहिरिन पुग्यो । वास्तवमा यो नै *घटना र विचार* कार्यक्रममाथिको पहिलो राजनीतिक हस्तक्षेप थियो, जसले पछि परम्परा नै बसाल्यो– समूह भर्ना गर्ने र फाल्ने । त्यसपछि सरकार फेरिएपिच्छे वा कार्यक्रम सञ्चालन गर्ने टोलीले सरकारप्रति असहमतिको मसिनो स्वर कार्यक्रममा प्रस्तुत गर्नेबित्तिकै टोली नै फेर्ने चलन बस्यो (हेर्नुहोस् अनुसूची १) ।

त्यसपछि नेपाली काँग्रेसभित्रको सर्वसत्तावादी रवैयालाई सफलिभूत पार्न *घटना र विचार* सञ्चालन गर्न अर्को टोली अघि सारियो । दोस्रो टोलीका सञ्चालक देवप्रकाश त्रिपाठी थिए । उनको टोलीमा रेडियो नेपालमै कार्यरत पत्रकारहरू लगायत अन्य केही व्यक्तिहरू थिए । कार्यक्रमका सञ्चालक त्रिपाठी र रेडियो नेपालका दुई पत्रकारबाहेक अन्य सहयोगीलाई पत्रकारितासम्बन्धी न ज्ञान थियो न त अनुभव नै । विचारका दृष्टिले रेडियोका कर्मचारीहरूबाहेक यो समूहमा फरक विचारका व्यक्तिलाई सहयोगी बनाइएको थिएन ।

एकातिर कम्यूनिष्टको नामै सुन्न नचाहने प्रधानमन्त्री कोइरालाको दम्भ, काँग्रेस पार्टीभित्रको उत्कर्षमा पुगेको द्वन्द्व, मध्यावधि निर्वाचन, अर्कोतिर क्रान्तिकारी धारबाट क्रमशः प्रजातान्त्रिक अभ्यासमा लागेको उग्र प्रतिपक्ष नेकपा (एमाले) को उपस्थितिको बीचमा वामपन्थी राजनीतिक पृष्ठभूमि छाडी नवकाँग्रेसी बनेका त्रिपाठी *घटना र विचार*को सञ्चालक भएका थिए । साउन २०५१ देखि कात्तिकसम्म अर्थात् मध्यावधि निर्वाचनको परिणाम र अर्को सरकार गठन नहुञ्जेलसम्म त्रिपाठीले *घटना र विचार* चलाएका थिए । तर यो अवधिमा जति जनताको करले सञ्चालित रेडियो नेपाल र *घटना र विचार* कार्यक्रमको दुरूपयोग न पहिला भएको थियो न त पछि नै भयो । यसो हुनुमा रेडियो नेपालको भद्रगोले व्यवस्थापन, सरकारी सञ्चारमाध्यमभित्र पञ्चायती निरङ्कुशतामा हुर्किएको चाकडीको संस्कार र त्यो संस्कारले विकास गरेको परम्परा एवं सोच पनि थोरबहुत कारक बनेको हुनुपर्छ । कार्यक्रममा हुने अत्यन्त पूर्वाग्रही विश्लेषण, टिप्पणी र समाचार संयोजन, प्रतिपक्षी ठूला साना पार्टीहरूको समाचारलाई गरिएको बेवास्ता र हेलाँ-होचोले

त्रिपाठी सञ्चालक हुँदाको समयमा *घटना र विचार* अत्यन्त आलोचित र निन्दित रह्यो । त्यतिबेला प्रमुख प्रतिपक्ष नेकपा (एमाले) निकट पत्रपत्रिकामा यो कार्यक्रम विरोधी लेख तथा रचनाहरू प्रशस्तै छापिए । यो कार्यक्रमविरुद्ध नागरिक समाज र बौद्धिक जगतले अत्यन्तै तीतो टिप्पणी गरेपनि सत्तारुढ दलको संस्थापन पक्षमा देखिएको सर्वसत्तावादी चरित्रको मूर्तरूप नै थियो– त्रिपाठीकालीन *घटना र विचार* । विपक्षीविरुद्ध अनर्गल प्रचार गर्ने अनि सत्ताको भजन किर्तन मात्र गाउने गऱ्यो यो कार्यक्रमले । हुन त जनतामा उत्पन्न भएको रोषलाई सञ्चालककै भनाइले पनि एकहदसम्म पुष्टि गर्छ । सञ्चालक त्रिपाठी भन्छन्, "चिट्ठी-पत्र र फोनमार्फत श्रोताका प्रशस्त धम्कीहरू पढ्नु वा सुन्नुपर्थ्यो । त्यो थाहा पाएका रेडियो नेपालका कर्मचारीहरू मलाई स्टुडियोमै सुत्न आग्रह गर्थे । मेरो मनमा पनि त्रास उत्पन्न भएको थियो ।" त्यतिबेला पत्रकारिता होइन राजनीति गरिरहेको ठान्ने सञ्चालक त्रिपाठीको स्विकारोक्ति थियो, "म प्रति मानिसहरूले देखाएको आक्रोश नाजायज हैन ।"

उनकै भनाइले पनि सत्ता अन्तिम सत्य हो, सत्तामा जो छ त्यो नै कालजयी हुन्छ, त्यो सबैथोक हो, बाँकी अरू केही होइनन् भन्ने मन्त्रलाई *घटना र विचार*ले आत्मसात गरेको बुझिन्छ । मध्यावधि निर्वाचनले सत्तारुढ काँग्रेसलाई अल्पमतमा पुऱ्यायो र कुनै पनि पार्टीलाई बहुमतको सरकार चलाउने जनादेश दिएन । तर नेकपा (एमाले) संसदमा सबैभन्दा ठूलो दल बन्न पुग्यो र त्यसकै आधारमा अल्पमतको सरकार गठन गर्न पुग्यो । मध्यावधि निर्वाचनको परिणाम र नवगठित सरकारको आगमनसँगै सञ्चालक त्रिपाठीको टोलीले कात्तिकको अन्तिम सातातिर *घटना र विचार* छोड्नुपऱ्यो ।

प्रजातान्त्रिक दलहरू आफू प्रतिपक्षमा हुँदा सरकारी सञ्चारमाध्यमहरूले प्रजातान्त्रिक आचरणको मूल्य र मान्यताको ठाडै उल्लङ्घन गरेको ठान्थे । त्यसकै आधारमा संसदमा आवाज उठाउँथे । तर आफ्नो दल सत्तारुढ हुँदा यी माध्यमहरूले प्रसारण गर्ने सामग्री उनीहरूलाई अत्यन्त कर्णप्रिय लाग्थ्यो र सरकारी सञ्चारमाध्यमहरू प्रजातान्त्रिक मूल्य र मान्यताअनुरूप सञ्चालन भएको दाबी गर्थे । यस्तो दोधारे सोचाइको भकुण्डो बनेको सरकारी सञ्चारमाध्यममा वाञ्छित परिवर्तन हुन सकेन । त्यसैले यो पञ्चायती संस्कारको अवशेषको रूपमा नै चलिरह्यो ।

## *सत्ता परिवर्तनमा घटना र विचार*

वि. सं. २०५१ मा नेकपा (एमाले) को अल्पमतको सरकार गठन भएपछि *घटना र विचार* सञ्चालन गर्न अर्को टोली आयो । यो टोलीको नेतृत्व कुन्दन अर्यालले

गरेका थिए । यसको आधारभूत पक्षमा खासै अन्तर नभए पनि टोलीको संयोजनमा भने केही सन्तुलन देखिन्थ्यो । किनभने यो टोलीको निर्माण गर्दा फरक आस्था राख्ने पत्रकारलाई पनि समेटिएको थियो । कुन्दन अर्याल भन्छन्, "हामीले यो कार्यक्रमको नाम फेरेर अन्य नाम राख्न सक्थ्यौँ, तर हामीले त्यसो गरेनौँ ।" *घटना र विचार*को थालनीमा भनिने "नमस्कार, कार्यक्रम *घटना र विचार*मा" भन्ने कुरालाई फेरेर "स्वागतम, कार्यक्रम *घटना र विचार*मा" भन्न थालियो । अरू केही पनि परिवर्तन गरिएन । हुन त नेपाल टेलिभिजनमा लोकप्रिय सम्वाद कार्यक्रम *दिशानिर्देश*का सञ्चालक विजयकुमार पाण्डेले आफ्नो कार्यक्रमको नाम कैयौँ पटक फेरेको पाइन्छ । यद्यपि उनको कार्यक्रम भने लोकप्रिय नै रहँदै आएको छ । तर *घटना र विचार*को नाम नफेरेर सञ्चालक अर्यालले एकातिर एउटा लोकप्रिय कार्यक्रमको नामलाई निरन्तरता दिएको देखिन्छ भने अर्कोतिर आफ्नो सहिष्णुता पनि प्रदर्शन गरेको मान्न सकिन्छ ।

अर्यालका अनुसार उनले सञ्चालन गर्नुअघि नै कार्यक्रमको धेरै आलोचना भइसकेको हुनाले यसलाई फरक देखाउनु पर्ने बाध्यता उनको टोलीलाई परेको थियो । कार्यक्रमको उत्पादनमा पनि त्यो बाध्यता प्रतिविम्बित हुन्थ्यो । सञ्चालक अर्याल भन्छन्, "सरकार अल्पमतको भएकाले हामी अलि बढी त्रसित थियौँ ।" एमालेको अल्पमतको सरकार अस्तित्त्वमा आउने बित्तिकै *घटना र विचार* सञ्चालन गर्न पुगेको यो टोलीले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले राजीनामा दिएकै दिन २५ भदौ २०५२ अर्थात् ९ महिनापछि कार्यक्रमबाट बिदा लिएको थियो । यो टोलीले कार्यक्रम सञ्चालन गरेको अवधि पनि निर्विवाद भने रहेन ।

त्यसपछि गठित नेपाली काँग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको संयुक्त सरकारसँगै पुनः पत्रकार पुरुषोत्तम दाहालको अगुवाईमा *घटना र विचार* सञ्चालन गर्ने अर्को टोली रेडियो नेपाल पुग्यो । तर यसको प्रभाव तुलनात्मक रूपमा कमजोर रह्यो । सञ्चालक दाहालकै भनाइअनुसार संयुक्त सरकार भएकाले धेरै थरीका मानिसहरू थिए र उनीहरूको छुट्टाछुट्टै स्वार्थ थियो । त्यसैले अघिल्लो पटक जति संयुक्त सरकारको पालामा मेहनत गरिएन ।

### *राजनीतिक विभाजनमा घटना र विचार*

देशमा भर्खर प्रजातन्त्र आएको स्थितिमा जनताले कुनै न कुनै पार्टीमा आस्था राख्नु, तिनको गतिविधिमा सहभागी हुनु स्वभाविक प्रक्रिया हो । बहुलवादी समाजमा विभिन्न खालको विचार तर्क र मत हुन्छ र हुनुपर्छ । तर त्यसबखत् जनतामा अतिवादी राजनीतिको भूत सवार थियो । चरम राजनीतिक विभाजनका

कारण टोल, छिमेक र गाउँमा 'मर्दा मलामी, पर्दा जन्त' जाने सामाजिक प्रचलन र संस्कार समेत बन्द हुनपुग्यो । पार्टीगत आधारमा पसल, विद्यालय, दुग्ध डेरी, क्लब, मील र मेला-परम समेत विभाजित हुनपुग्यो । यस्तो अतिवादलाई *घटना र विचार*ले एकहदसम्म घटाउन सक्थ्यो । राजनीतिक पार्टीबीचका अन्तर, दृष्टिकोण, तीनका गतिविधि र सिद्धान्तहरूलाई प्रचार प्रसार गरे पनि समाजमा राजनीतिक विभाजनलाई कायम राख्दा सामाजिक सहिष्णुता र मेलमिलापको भावनालाई बिर्सनु हुँदैन भन्ने विचारलाई आधार बनाएर कार्यक्रम सञ्चालन गरिनुपर्थ्यो । तर यस पक्षमा *घटना र विचार*ले ध्यान दिने कुरा त परै छाडौं, झनै यसले राजनीतिक पार्टीहरूबीचको विभाजनलाई चर्काउने काम गऱ्यो ।

त्यसो त, सञ्चारविद्हरूले आमसञ्चारमाध्यमहरूले आफ्नै विषयवस्तु मात्रै पाठक, श्रोता वा दर्शकलाई पस्कने गर्छन् भन्दै आएका छन् । द युनिभर्सिटी अफ क्विन्सल्याण्डका आमसञ्चारका प्रोफेसर क्रिस लो डेभिस (सन् १९८८) लेख्छन्, "आमसञ्चारमाध्यमले समाजलाई 'के सोच्ने' भन्ने सामग्री चाहिँ दिँदैन बरु 'कुन विषयमा सोच्ने' भन्ने सामग्री मात्र उपलब्ध गराउँछ ।" आम सञ्चारमा 'विषयवस्तु तय' (अजेण्डा सेटिङ्ग) भनिने यो सिद्धान्त *घटना र विचार*मा पनि लागू हुन्छ । *घटना र विचार*ले राजनीतिक हिसाबले पूर्वाग्रही विषयवस्तुहरू तय गरेर राजनीतिक पार्टीहरू र तिनका समर्थकबीचको वैमनस्य बढाउन योगदान पुऱ्यायो ।

रेडियो नेपाल सञ्चालक समितिका पूर्व अध्यक्ष तथा पूर्व सूचना तथा सञ्चार सचिव भोजराज पोखरेल (२०५६) ले *झङ्कार*मा 'कार्यक्रम *घटना र विचार*' शीर्षक लेखमा यस कार्यक्रमका विविध पक्षहरूमाथि चर्चा गरेका छन् । उनका विचारमा रेडियो नेपाललाई बेलाबखत् विवादमा ल्याउने मात्र नभई यसको पुतला समेत जलाउने अवस्थासम्म पुऱ्याउनुमा यो कार्यक्रम जिम्मेवार रहेको छ । सोही लेखमा उनी अगाडि लेख्छन्,

> पार्टी पार्टीबीच वा पार्टीभित्रैको आन्तरिक विवादका बखत सरकारी पक्षमा रहेकाले अर्काको उछित्तो खन्न र हुर्मत लिन पनि यो कार्यक्रम चुक्तैन र आफ्नो पक्षको बढाइ चढाइ गर्ने र प्रतिद्वन्द्वीलाई होच्याउने जस्ता प्रवृत्ति नदेखिएको पनि होइन । यस्तो प्रवृत्तिले कतिपय अवसरमा स्थितिलाई सामान्यीकरण गर्नुभन्दा अझ अप्ठेरोमा पारी द्वन्द्वको स्थिति सृजना गर्ने अवस्था पनि आएका छन् (पोखरेल २०५६) ।

भूतपूर्व सञ्चार सचिव पोखरेलको यस भनाइले पनि *घटना र विचार*ले प्रसारण गरेको सामग्रीमा पाइएको साँघुरो सोचाइलाई पुष्टि गर्छ । वास्तवमा यसो हुनुमा यो कार्यक्रम सञ्चालन गर्न पुगेका टोलीहरूको पृष्ठभूमि थोरै पत्रकारिता धेरै राजनीति हुनु नै हो । अझ भन्न सकिन्छ– मिसन पत्रकारिताको पृष्ठभूमिबाट

आएका पत्रकारहरूले बदलिँदो परिस्थितिअनुकूल आफूलाई परिवर्तन गर्न सकेनन् । प्रजातन्त्र आएपछि पनि पत्रकारहरूको राजनीति गर्ने मानसिकतामा कुनै परिवर्तन आएन । मनस्थितिमा समयसापेक्ष परिवर्तन नहुनाले पार्टीको झण्डा र पत्रकारिता सँगसँगै डोरिएको देखिन्छ । कुनै समय द *न्यूयोर्क टाईम्स*का पत्रकार ए.एम. राजेयेले (खनाल, राई, पोखरेल र पौडचाल २०५४ मा उद्धृत) भनेका थिए, "पत्रकारले मतदान गर्नुबाहेक अन्य कुनै किसिमको राजनीतिक क्रियाकलापमा लाग्नु हुँदैन । यो पत्रकार भएबापत हामीले चुकाउनु पर्ने मूल्य हो ।" तर उनको भनाइमाथि नेपालका बहुसङ्ख्यक पत्रकारहरूलाई भने विश्वास छैन । उनीहरू यो रोगबाट नराम्ररी ग्रसित छन् । *घटना र विचार* यस्तै पत्रकारहरूको शिकार बन्न पुग्यो ।

## निष्कर्ष एवं सुझाव

निर्दलीय सामग्री सुनेर वाक्क भएका नेपाली श्रोताले रेडियो नेपालबाट *घटना र विचार* जस्तो फरकखाले सामग्री पाएपछि यसलाई अत्यन्त मन पराए । यसको नवीन प्रस्तुति एवं रेडियो नेपालको सर्वसुलभ पहुँचले गर्दा यो अत्यधिक श्रोताले सुन्ने कार्यक्रम बन्यो । त्यसमाथि यसले फरकफरक विषय प्रसङ्गमा फरक व्यक्तिसँग लिने अन्तर्वार्ता, काठमाडौँबाहिरका पनि ताजा सामग्री र त्यससँग सम्बन्धित स्थानीय व्यक्तिहरूको अन्तर्वार्ताले यो कार्यक्रममा जनसहभागिता र चासो ह्वात्तै बढायो । पञ्चायत कालका काला दिनहरूमा यस्तो कार्यक्रम कहिल्यै पनि प्रसारण गरिएको थिएन । कार्यक्रममा देखिएको खुलापन, जनसहभागिता, कार्यक्रमले प्रस्तुत गर्ने गरेको श्रोताको प्रश्न र सञ्चालकको जवाफ तथा सञ्चालन गर्ने टोलीले देखाएको जाँगर र आँटले यसको लोकप्रियता बढेको हो । यसको लोकप्रियतालाई २०५४ सालमा भएको राष्ट्रिय सर्वेक्षणले पनि पुष्टि गरेकै छ ।

तर यो कार्यक्रम विभिन्न खाले विवादमा राम्ररी नै मुछियो । यी विवादका पछाडि यसले प्रसारण गरेका सामग्रीहरूमा देखिएको पूर्वाग्रह नै मुख्य कारणको रूपमा देखा परेको छ । तर यसबाहेक बहुदलवादी पार्टीहरूमा सरकारी सञ्चारमाध्यम सञ्चालन गर्ने स्पष्ट दृष्टिकोणको अभाव, पञ्चायती सूचना संस्कृतिलाई पूर्णतः त्याग गर्न नसक्नु, प्रजातान्त्रिक मूल्य र मान्यतामा आस्था राखे पनि सरकारी सञ्चारमाध्यममा सञ्चालित कार्यक्रमबाट आलोचना सुन्न नचाहने प्रवृत्ति जस्ता नीतिगत कमजोरी र अस्पष्टताका कारणले पनि *घटना र विचार* धेरै विवादमा मुछिन पुगेको हो ।

यसका सञ्चालकहरू पुरुषोत्तम दाहाल, देवप्रकाश त्रिपाठी, कुन्दन अर्याल, नरनाथ लुईंटेल र राजेन्द्र पराजुलीसँग गरिएको अन्तरक्रियाको निष्कर्षले उनीहरूलाई मिसन पत्रकारिताको हयाङ्ओभरले नछोडेको पुष्टि गर्छ। त्यसो त कुनैपनि समाचारले पाठक, श्रोता वा दर्शकमाझ पुग्न आमसञ्चारमाध्यमको कार्यसञ्जालको निश्चित ढोकाहरू पार गर्नुपर्छ । समाचार दिने वा नदिने निर्णय गर्ने ती ढोकाहरू पार गरेका समाचार मात्र श्रोता, दर्शक र पाठकले सुन्न, हेर्न वा पढ्न पाउँछन् । समाजशास्त्री कुर्त लेविन को 'गेट किपर' सिद्धान्तअनुसार सञ्चारमाध्यमका समाचार छनोट गर्ने ढोकामा रहेका समाचार छनोटकर्ता, रक्षक अथवा पत्रकारले तय गरेका समाचार मात्रै सार्वजनिक हुन्छ । वोस्टन युनिभर्सिटीका प्रोफेसर डेभिड म्यानीङ ह्वाईट (सन् १९५०) को भनाइलाई सापट लिने हो भने स्थलगत समाचार सङ्कलन गर्न गएका पत्रकारहरूले समाचार सङ्कलन भइरहेको थलोमै निर्णय गर्छन्– आफ्नो नोट कपिमा कुन विषयमा कसले बोलेका कुरा लेख्ने वा नलेख्ने । थालनीमै हुने समाचारको 'गेट किपिङ' प्रक्रियाले नै तय गर्छ– पाठक, श्रोता र दर्शकले के पाउँछन् के पाउँदैनन् भनेर। वास्तवमा आग्रह-पूर्वाग्रहको थालनी र निष्पक्षताको मान मर्दन यहीँबाटै सुरु हुन्छ। आम सञ्चारको यो सिद्धान्तलाई *घटना र विचार*को हकमा हेर्ने हो भने पत्रकारिताभन्दा राजनीतिक पृष्ठभूमि भएका र राजनीतिक नियुक्ति पाएका पत्रकारहरूले कुर्त लेवीनको समाचार छनोट गर्ने 'गेट किपर' को काम कत्तिको निर्ममपूर्वक र पूर्वाग्रही भएर गरे ? अनुमान गर्न सजिलै सकिन्छ ।

अझ वाल्टर लीपम्यान (मक्वेल सन् १९९८ः २१३ मा उद्धृत) को भनाइलाई पनि अलिकति हेरौँ । लीपम्यान भन्छन्, "समाचारको स्तरीकरण, पूर्व निर्धारित सोचाइ, समाचार सङ्कलन गर्न तयार पारिएको दैनिक तालिकामाथि गरिने न्याय, र नबुझिएका विषयहरूसम्बन्धी समाचारलाई नसमेटे एउटा सम्पादक उत्तेजनाले नै मर्छ।" स्वतन्त्र वा निष्पक्ष भनिने विकसित देशको पत्रकारिताबारे त यस खालको प्रतिक्रिया व्यक्त भएको भेटिन्छ भने नेपाल जस्तो कम विकसित मुलुकमा भर्खरै आएको प्रजातन्त्रमा केवल पार्टी पत्रकारिता र पार्टी कार्यकर्ताको भूमिका पूरा गरेर *घटना र विचार* चलाउन वा सहयोगी हुन पुगेकाबाट धेरै आश गर्नु पनि व्यर्थ नै हुन्छ ।

*घटना र विचार* कार्यक्रमलाई चिरफार गर्दा सुरुका वर्षहरूमा यसले व्यवसायिक र निष्पक्ष पत्रकारिताको धर्म धेर-थोर पूरा गर्ने प्रयास गरेको पाइन्छ। त्यसपछिका कार्यक्रमहरू भने समग्रमा तत्कालीन सरकार र सत्तारुढ दलको गतिविधिसम्बन्धी सूचना, जानकारी र निर्णयलाई प्रभावकारी ढङ्गले प्रसारण

गर्नमा यसको प्रयोग बढी भएको देखिन्छ । फरक यत्ति हो कसैले यसलाई पार्टीको सर्कुलर प्रचार गर्ने माध्यमको रूपमा प्रयोग गरे भने कसैले पार्टीकै प्रचार गरे पनि प्रत्यक्ष रूपमा थाहा नपाउने ढङ्गले गरे । नेपाली आमसञ्चार क्षेत्रमा देखिएको विकासलाई विभिन्न चरणमा विभाजन गरेर हेर्ने हो भने प्रजातन्त्र प्राप्त भएको विगत एक दशक अवधिको *घटना र विचार*लाई सरकारी सञ्चारमाध्यममा प्रजातान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गर्ने दिशातिर उन्मुख सङ्क्रमणकालीन कार्यक्रमको रूपमा लिन सकिन्छ । अर्थात् *घटना र विचार* कार्यक्रम सरकारी सञ्चारमाध्यममा बहुलवादी निष्पक्षताको आवश्यकता, त्यसको महत्त्व र तिनले पार्ने प्रभावबारे जनतालाई झक्झकाउने पृष्ठभूमि तयार पार्न सफल भयो भन्न सकिन्छ ।

तर जेहोस् *घटना र विचार*को उत्पादन मूल्य अलिकति घटाउने, सबैखालका समाचार, विश्लेषण-टिप्पणीलाई समेट्ने, राजधानीबाहिरका सामग्रीलाई पनि उचित प्राथमिकता दिने, पार्टी सुदृढीकरणभन्दा प्रजातन्त्रको संस्थागत सुदृढीकरणमा जोड दिने, स्थायी टोलीको नियुक्ति, टोलीको चयन गर्दा स्तर र अनुभवको खोजी गरिएमा यसको सामग्री, प्रस्तुति र सिङ्गो कार्यक्रम अझ सशक्त हुनसक्छ । यसो गर्न रेडियो नेपाललाई सरकारले आफ्नो ठाडो निगरानी र निर्देशनमा नराखेर सञ्चारविद्हरू संलग्न एउटा जनसेवी स्वायत्त संस्थाका रूपमा छोड्न आँट गर्नुपर्छ । यसो भएमा यसले एकातिर लोकप्रिय बन्दै गएको एफएम रेडियो स्टेसनहरूसँग प्रतिस्पर्धा गर्न सक्छ भने अर्कोतिर जनतालाई प्रजातान्त्रिक सञ्चारमाध्यमको रूपमा मनग्गे सामग्री प्रसारण गरेर राष्ट्र, जनता र राज्यलाई बढीभन्दा बढी प्रजातान्त्रिक हुन सघाउन सक्छ । अहिले नै घाटामा जानथालेको अधिकांश सरकारी सञ्चारमाध्यमहरू कालान्तरमा उठ्नै नसक्ने गरी डुब्ने सम्भावना प्रष्टै देखिन्छ । *घटना र विचार*को हकमा यही कुरा लागू हुन्छ किनभने यो सरकारी स्वामित्त्वमा रहेको रेडियो नेपालबाट प्रसारण गरिने थुप्रै कार्यक्रमहरूमध्ये एउटा कार्यक्रम हो । रेडियो नेपाललाई अझ स्वायत्त रूपमा छोड्ने आँट गर्ने हो भने सरकारी सञ्चारमाध्यममा अहिलेसम्म नभएको काम *घटना र विचार* कार्यक्रमले देखाउन सक्छ । तर अहिलेलाई आवश्यकता स्पष्ट नीति र आँटकै हो जुन सबै सरकारी आम सञ्चारमाध्यमको लागि नितान्त आवश्यक भइसकेको छ ।

**यस अध्ययनका स्रोत व्यक्तिहरू**

१. कुन्दन अर्याल — सञ्चालक, *घटना र विचार*

२. खगेन्द्र खत्री — सञ्चालक, *घटना र विचार*

३. देवप्रकाश त्रिपाठी    सञ्चालक, *घटना र विचार*
४. नरनाथ लुईंटेल    सञ्चालक, *घटना र विचार*
५. पुरुषोत्तम दाहाल    सञ्चालक, *घटना र विचार*
६. प्रमोद दाहाल    सहयोगी, *घटना र विचार*
७. भरत भुर्तेल    सञ्चालक, *परिक्रमा कार्यक्रम*
८. राजेन्द्र पराजुली    सञ्चालक, *घटना र विचार*
९. सुदिप ठाकुर    प्राविधिक, रेडियो नेपाल
१०. सुधांशु दहाल    सहयोगी, *घटना र विचार*
११. सुरेश आचार्य    सहयोगी, *घटना र विचार*
१२. सूर्य थापा    सहयोगी, *घटना र विचार*

## अनुसूची १

*घटना र विचार* सञ्चालन गर्ने विभिन्न टोलीहरू

**सुरुमा कार्यक्रम सञ्चालन गर्ने टोली (२।६।२०४७-३१।३।२०५१)**

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | पुरुषोत्तम दाहाल | सञ्चालक | अनुभवी छापा पत्रकार | नेपाली काँग्रेस |
| २. | हरिविनोद अधिकारी | सहयोगी | अनुभवी छापा पत्रकार | ऐजन |
| ३. | कृष्ण ज्ञवाली | सहयोगी | सरकारी अधिकृत | ऐजन |
| ४. | लोकेन्द्र शाह | सहयोगी | टेलिभिजन पत्रकार | ऐजन |
| ५. | सीता कोइराला | सहयोगी | सह प्राध्यापक | ऐजन |
| ६. | कृष्ण कंडेल | सहयोगी | मानवअधिकारवादी कार्यकर्ता | ऐजन |
| ७. | नवराज गौतम | सहयोगी | अनुभवी छापा पत्रकार | ऐजन |

**कार्यक्रम सञ्चालन गर्ने दोस्रो टोली (१।४।२०५१-२६।८।२०५१)**

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | देवप्रकाश त्रिपाठी | सञ्चालक | छापा पत्रकार | नेपाली काँग्रेस |
| २. | कमल प्रधान | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ३. | माया गिरी | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ४. | श्याम डोटेल | सहयोगी | थाहा नभएको | ऐजन |
| ५. | सुरेन्द्र महतो | सहयोगी | अधिवक्ता | ऐजन |
| ६. | विश्वप्रकाश शर्मा | सहयोगी | विद्यार्थी नेता | ऐजन |
| ७. | सुशील कोइराला | सहयोगी | थाहा नभएको | ऐजन |

## कार्यक्रम सञ्चालन गर्ने तेस्रो टोली (२७।८।२०५१-२५।५।२०५२)

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | कुन्दन अर्याल | सञ्चालक | छापा पत्रकार | नेकपा (एमाले) |
| २. | सुरेश आचार्य | सहयोगी | छापा पत्रकार | ऐजन |
| ३. | रघु मैनाली | सहयोगी | छापा पत्रकार | ऐजन |
| ४. | शार्दुल भट्टराई | सहयोगी | छापा पत्रकार | ऐजन |
| ५. | प्रज्ज्वलराज चापागाईं | सहयोगी | छापा पत्रकार | ऐजन |
| ६. | गोकुल बास्कोटा | सहयोगी | छापा पत्रकार | ऐजन |
| ७. | रञ्जु पोखरेल | सहयोगी | कलाकार | ऐजन |

## कार्यक्रम सञ्चालन गर्ने चौथो टोली (८।६।२०५२-८।१२।२०५३)

| क्र. सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | पुरुषोत्तम दाहाल | सञ्चालक | छापा पत्रकार | नेपाली काँग्रेस, राप्रपा, सद्भावना |
| २. | कृष्ण कंडेल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ३. | सुधांशु दाहाल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ४. | कमला सरूप | सहयोगी | छापा पत्रकार | ऐजन |
| ५. | हरिबिनोद अधिकारी | सहयोगी | छापा पत्रकार | ऐजन |
| ६. | बबिता बस्नेत | सहयोगी | छापा पत्रकार | ऐजन |
| ७. | शत्रुघन गुप्ता | सहयोगी | विद्यार्थी नेता | ऐजन |
| ८. | किरण गिरी | सहयोगी | छापा पत्रकार | ऐजन |
| ९. | नन्दकृष्ण जोशी | सहयोगी | गायक | ऐजन |

## कार्यक्रम सञ्चालन गर्ने पाँचौं टोली (१३।१२।२०५३-६।६।२०५४)

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | नरनाथ लुईंटेल | सञ्चालक | छापा पत्रकार | नेकपा (एमाले), राप्रपा, सद्भावना |
| २. | सूर्य थापा | सहयोगी | छापा पत्रकार | ऐजन |
| ३. | नन्दु उप्रेती | सहयोगी | कवि | ऐजन |
| ४. | मधुसुदन पौडेल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ५. | रञ्जु पोखरेल | सहयोगी | कलाकार | ऐजन |
| ६. | कल्पना घिमिरे | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ७. | मोहन ढुङ्गेल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ८. | कुमार यात्रु | सहयोगी | छापा पत्रकार | ऐजन |

### कार्यक्रम सञ्चालन गर्ने छैठौँ टोली (७।६।२०५४-३०।४।२०५५)

| क्र.सं | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | कृष्ण कंडेल | सञ्चालक | छापा पत्रकार | नेपाली काँग्रेस, राप्रपा, सद्भावना |
| २. | सुधांशु दाहाल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ३. | बबिता बस्नते | सहयोगी | छापा पत्रकार | ऐजन |
| ४. | शत्रुघन गुप्ता | सहयोगी | विद्यार्थी नेता | ऐजन |
| ५. | राजेन्द्र पराजुली | सहयोगी | छापा पत्रकार | ऐजन |
| ६. | किरण गिरी | सहयोगी | छापा पत्रकार | ऐजन |

### कार्यक्रम सञ्चालन गर्ने सातौँ टोली (७।५।२०५५-८।२।२०५८)

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | राजेन्द्र पराजुली | सञ्चालक | छापा पत्रकार | नेकाँ, राप्रपा; नेकाँ, नेकपा (माले); नेकाँ, नेकपा (एमाले); नेकाँ, सद्भावना |
| २. | शिव भट्टराई | सहयोगी | छापा पत्रकार | ऐजन |
| ३. | जुनारबाबु बस्नेत | सहयोगी | छापा पत्रकार | ऐजन |
| ४. | निलम शर्मा | सहयोगी | छापा पत्रकार | ऐजन |
| ५. | बबिता बस्नेत | सहयोगी | छापा पत्रकार | ऐजन |
| ६. | जगत नेपाल | सहयोगी | छापा पत्रकार | ऐजन |
| ७. | किरण गिरी | सहयोगी | छापा पत्रकार | ऐजन |
| ८. | साधना पन्त | सहयोगी | थाहा नभएको | ऐजन |

### कार्यक्रम *आजको सन्दर्भ* सञ्चालन गर्ने टोली (असोज २०५८-जेठ २०५९)

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | खगेन्द्र खत्री | संयोजक | रेडियो पत्रकार | नेपाली काँग्रेस |
| २. | प्रमोद दाहाल | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ३. | चन्द्र बानियाँ | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ४. | बद्रि सिग्देल | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ५. | गोविन्द चिमौरिया | सहयोगी | रेडियो पत्रकार | ऐजन |

### कार्यक्रम सञ्चालन गर्ने पछिल्लो टोली (जेठ २०५९-हाल [जेठ २०६१] जारी)

| क्र.सं. | नाम | कार्य | पृष्ठभूमि | सरकार |
|---|---|---|---|---|
| १. | खगेन्द्र खत्री | संयोजक | रेडियो पत्रकार | चन्द, थापा |
| २. | प्रमोद दाहाल | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ३. | बद्रि सिग्देल* | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ४. | चन्द्र बानियाँ | सहयोगी | रेडियो पत्रकार | ऐजन |
| ५. | गोविन्द चिमौरिया | सहयोगी | रेडियो पत्रकार | ऐजन |

स्रोतः सम्बन्धित टोलीका संयोजकहरूसँगको कुराकानी ।

* पुस २०६० मा जागीर छोडेको ।